नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्या: ज.वि.शा. २५१-२०७१/७२ सिंहदरबार, काठमाण्डौ चलानी संख्या: १०९

मिति: २०७१।०६।२९

विषय: **बैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन बारे।**

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/केन्द्र/कर्यालय/निकायहरु।

KDI/Colombo Plan बाट संयुक्त रुपमा प्राप्त भएको कोरियामा संचालन हुने देहाय अनुसारको अध्ययन/तालीम कार्यक्रममा **Book & other expenses of 300 USD per month खर्च सम्बन्धित व्यक्तिले व्यहोर्ने गरी सबै निकायलाई खुल्ला गर्ने** गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको मिति २०७१।०६।२९ को बैठकबाट निर्णय भएको हुँदा तहाँ मन्त्रालय/आयोग/सचिवालय/केन्द्र/कार्यालय अन्तर्गतका कर्मचारीहरु मध्येबाट इच्छुक कर्मचारीको मनोनयन गरी मिति २०७१।०६।३१ गते भित्र यस मन्त्रालयको जनशक्ति विकास शाखामा सम्पर्क राख्ने गरी **मनोनयन गरिएको कर्मचारीको कर्मचारी संकेत नं. समेत उल्लेख गरिएको विवरण यस शाखामा अनिवार्य रुपमा उपलब्ध** गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

साथै, तालीम तथा अध्ययनमा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन गरी सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा जानकारी गराइन्छ।

*छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेसी (महिला, जनजाति तथा आदिवासी, मधेसी, अपाङ्ग, पिछडिएको क्षेत्र, हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका) समेतका आधारमा र योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नु हुन अनुरोध गरिन्छ।*

| सि.नं. | छात्रवृत्तिको विषय | सिट संख्या | अध्ययन / तालीम | अवधि | फाराम सम्बन्धित संस्थामा पुग्नु पर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | 1. Master of Development policy(MDP)<br>2. Master of Public Policy(MPP) | 1person | Study | One year | Oct 20, 2014 | |

बोधार्थ

श्री राष्ट्रिय योजना आयोगको सचिवालय,
आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा,
श्री अर्थ मन्त्रालय, अ.आ.स.स. महाशाखा, सिंहदरवार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार।

(लिला कुमारी के. सी.)
शाखा अधिकृत

4672 / 12 / 10 webpage


सिंहदरबार, काठमाण्डौं, फोन: ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्स: ४२००३८५